नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
सिंहदरबार, काठमाण्डौ
(कर्मचारी प्रशासन शाखा)

फोन ४२०००००, ४२००२८१, ४२००२९७, ४२००२९९

पत्र संख्या:- ७०/७१

चलानी नं.:- २८६२

मिति :- २०७०/१०/०७

**विषय :-** परिपत्र ।

श्री जिल्ला विकास समितिको कार्यालयहरु
सबै ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५३ बमोजिम नेपाल सरकारले स्थानीय निकायको दैनिक कार्य संचालनको लागि सचिवको नियुक्ति गर्ने व्यवस्था भए बमोजिम गाविसहरुमा राजपत्राकिंत तृतीय श्रेणीका शाखा अधिकृत तह देखि राजपत्र अनंकित द्वितीय श्रेणीका खरिदार तह सम्मका कर्मचारीहरुलाई सचिवको रुपमा खटाउने गरिएको छ । त्यसरी खटिएका गाविस सचिबहरुले प्रयोग गर्ने छापमा अध्यक्ष तथा सचिव, शाखा अधिकृत, राजपत्रांकित सचिव जस्ता विविध पदनाम उल्लेख भई सर्वसाधारणहरुमा द्विविधा उत्पन्न भएको एवं ब्यापक जनगुनासो प्राप्त हुन आएको र सो गर्नु कानुन सम्मत समेत नदेखिएको हुँदा गाविस सचिवबाट सम्पादन हुने काम कारबाहीहरुमा छाप प्रयोग गर्दा एकरुपता ल्याउन तपसिल अनुसार गर्ने गराउने व्यवस्था मिलाउन हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७०/१०/०७ को निर्णयअनुसार यो परिपत्र गरिएको छ ।

तपसिल

१. स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ एवं अन्य कुननको आधारमा गाविस अध्यक्षको अधिकार प्रयोग गरी सम्पादन गरेका कामकारबाहीहरुमा "**गाविस अध्यक्ष**" को मात्र छाप लगाउने ।
२. स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ एवं अन्य कानुनको आधारले गाविस सचिवको अधिकार प्रयोग गरि गरेका काम कारबाहीहरुमा "**गानिस सचिव**" को मात्र छाप लगाउने ।
३. जन्म मृत्यु तथा अन्य व्यक्तिगत **घटना** (दर्ता गर्ने) ऐन, २०३३ र नियमावली २०३४ बमोजिम सम्पादन हुने काम कारबाहीहरुमा "**पञ्जिकाधिकारी**" को छाप लगाउने ।
४. अन्य कानुनका आधारमा सम्पादन हुने कारबाहीहरुमा सोही कानुनमा उल्लेख भए बमोजिमको पदको छाप लगाउने ।

०७०/१०/०६
शाखा अधिकृत